# बर्दघाट नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### बर्दघाट, नवलपरासी

### ५ नं प्रदेश नेपाल

प. सँ: ०७७।७८

च.न ४४१

## वोलपत्र/सिलवन्दी दरभाउपत्र आह्वान सम्बन्धी ३० दिने सूचना

**प्रथम पटक प्रकाशित मितिः ०७७।६।२२**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५९ र ६० तथा बर्दघाट नगरपालिकाको आर्थिक ऐन २०७७ को दफा (९) वमोजिम अनुसूचि–९ मा उल्लेख भएअनुसार बहाल बिरौटी शुल्क लगाइने र असुल उपर गरिने छ भन्ने उल्लेख भएको र सोही ऐनको दफा (६) मा यस नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले कवाडी माल र प्रचलित कानुनले निशेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाख, छाला जस्ता बस्तुको व्यावसायीक कारोवार गरेबापत अनुसूचि–५ बमोजिमको कर लगाइने र असुल उपर गरिनेछ भन्ने उल्लेख भएबमोजिम बर्दघाट न.पा.वडा नं १३ मा लाग्दै आएको मंगलवारे पाडा वजार र साविकमा वडा नं १४ मा हुदै आएको लोडिङ्गलाई स्थान परिवर्तन गरी वडा नं १३ जमुनिया बाट नै पाडा वजार तथा लोडिङ्ग समेत गर्ने गरी ०७७ मंसिर महिना देखी ०७८ आषाढ मसान्त सम्म ८ महिनाको लागि, कवाडी कर (उत्पादन तथा निकाशी) को हकमा सम्झौता अवधि देखी ०७८ आषाढ मसान्त सम्मको लागि ठेक्का बन्दोवस्त गर्न मिति ०७७/६/१५ को राजश्व परामर्श समितिको सिफारिस तथा मिति ०७७/६/१६ को नगर प्रमुख स्तरिय निर्णयबमोजिम छैंटौ नगरसभाबाट स्वीकृत दररेट बमोजिम तपसिल अनुसारको आय ठेक्काको राजश्व उठाउने सम्बन्धमा सम्बन्धीत कम्पनीहरुबाट विद्युतिय खरिद प्रक्रिया ( E–Bidding) मार्फत शीलवन्दी वोलपत्र/दरभाउपत्र पेश गर्नु हुन सम्बन्धित सरोकारवाला फर्म वा कम्पनीहरु सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ।

*तपशिल*

| क्र.सं. | आय ठेक्काको नाम | न्यूनतम अंक रु. (भ्याट र अग्रीम कर वाहेक) | कैफियत |
|---|---|---|---|
| १ | मंगलवार पाडा वजार तथा लोडिङ्ग समेत बर्दघाट- १३, जमुनिया | ३४,००,६७०।०० | |
| २ | कवाडी कर (उत्पादन तथा निकाशी) | २,२०,०००।०० | |

प्रमुख प्रशासकीय अधिकृत

१. टेण्डर फाराम शुल्क रु. ५००।- नगरपालिकाको राजश्व खाता ०८३२०५००२८२११००२ मा दाखिला गर्नुपर्नेछ ।

२. ठेक्काको कबोल रकम अँक र अक्षरमा स्पष्ट बुझ्नेगरी उल्लेख गर्नु पर्नेछ । अंक केरमेट भए अक्षरलाई मान्यता दिईनेछ ||

३. ठेक्का मूल्याँकन गर्दा भ्याट वाहेकको कवोल अंकमा सो रकमको १३ प्रतिशत भ्याट र १.५ प्रतिशत अग्रीम आयकर जोडी कूल कवोल अंक कायम गरिनेछ ।

४. आफूले भरेको टेण्डर रकमको ५% दरले हुने रकम नगरपालिकाको एन आइ सि एशिया वैंकमा रहेको धरौटी खाना नं. ८३४१४९८४८२५२४००४ खातामा जम्मा गरेको बैक दाखिला भौचर को Scan copy upload गर्नु पर्ने छ ।

५. टेण्डर फाराम सूचना प्रकाशित भएको मितिले ३१ औं दिन दिनको १२:०० वजे भित्र upload गरिसक्नु पर्नेछ ।

६. पेश भएका टेण्डर फारमहरु ३१ औं दिन दिनको २:०० वजे टेण्डरदाता वा निजको प्रतिनिधि एवं कार्यालयको रोहवरमा खोलीनेछ

७. टेण्डर स्विकृत गर्ने वा नगर्ने अधिकार नगरपालिकामा सुरक्षित रहने छ ।

८. टेण्डर स्विकृत भएपछि कुनै किसिमको फेरवदल तथा मिनाहा छुट हुने छैन ।

९. टेण्डर सकार गरेको मितिले सात (७) दिन भित्र पट्टा लिई सक्नु पर्ने छ । यदि सात दिन भित्र पट्टा नउठाएमा धरौटि रकम जफत गरि सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित कानुन वमोजिम कार्य अगाडी वढाइनेछ ।

१०. बैठकि कर असूलि दररेट नगरसभाबाट पारित भएवमोजिम हुनेछ ।

११. तोकिएको दररेट भन्दा बढि असूल गर्न पाईने छैन ।

१२. टेण्डरदाता कम्पनी वा फर्मले कम्पनी दर्ता प्रमाणपत्र, आ.व. ०७७/७८ को लागि नविकरण भएको फर्मको फर्म वा कम्पनीको इजाजत पत्र , आय कर दर्ता प्रमाण पत्र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, अद्यावधिक कर चुक्ताको प्रमाणहरुको प्रतिलिपीहरु संलग्न राखी पेश गर्नुपर्नेछ ।

१३. यस नगरपालिकामा गत विगतका आय ठेक्कामा बक्यौता भएका ठेकेदारहरुले बक्यौता रकम नतिरेसम्म ठेक्कामा भाग लिन पाउने छैनन् ।

१४. पाडाबजारको हकमा वजार सरसफाई एवं अन्य प्रवन्ध ठेकेदार स्वयमले गर्नुपर्नेछ ।

१५. कुनैपनि कारणले हाटवजारको स्थान स्थानान्तरण भएको खण्डमा ठेकेदार पूर्ण रुपमा मञ्जुर हुनु पर्नेछ ।

१६. अन्य जानकारिको लागि नगरपालिकाको कार्यालय वा फोन नं.०७८-५८०४०७ मा सम्पर्क राख्नु होला ।

प्रमुख प्रशासकीय अधिकृत

मेघनाथ पाध्या

प्रमुख प्रशासकिय अधिकृत

बर्दघाट नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बर्दघाट, नवलपरासी

| ठेक्का |
|---|

| टेण्डर |
|---|

## बर्दघाट न.पा.को आय ठेक्काको विद्युतिय बोलपत्र फाराम

प्रथमपटक सूचनाप्रकाशितमिति: २०७७।६।२२ गते

| सि.नं. | विवरण | कबोल अंक (भ्याट तथा अग्रीम आय कर वाहेक) | | | धरौटी | कैफियत |
|---|---|---|---|---|---|---|
| | | न्यूनतमअंक रु. | अंकमा | अक्षरमा | | |
| १ | मंगलवार पाडा बजार तथा लोडिङ्ग समेत बर्दघाट-१३ जमुनिया | ३४,००,६७०।०० | | | | |
| २ | कवाडी कर (उत्पादन तथा निकाशी) | २,२०,०००।०० | | | | |

टेण्डर पेश गर्ने फर्मको :–

सहि/छाप :–नाम, थर :–

ठेगाना :–

सम्पर्क नं :-

प्रमुख प्रशासकीय अधिकृत

# बर्दघाट नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### बर्दघाट, नवलपरासी

### ५ नं प्रदेश नेपाल

**वोलपत्र/सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी ३० दिने सूचना**

**प्रथम पटक प्रकाशित मितिः ०७७।६।२२**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५९ र ६० तथा बर्दघाट नगरपालिकाको आर्थिक ऐन २०७७ बमोजिम तपसिल अनुसारको आय ठेक्काको राजश्व उठाउने सम्बन्धमा सम्बन्धीत कम्पनीहरुबाट विद्युतिय खरिद प्रक्रिया (E–Bidding) मार्फत शीलवन्दी वोलपत्र/दरभाउपत्र पेश गर्नु हुन सम्बन्धित सरोकारवाला फर्म वा कम्पनीहरु सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ।

*तपशिल*

| क्र.सं. | आय ठेक्काको नाम | न्यूनतम अंक रु. (भ्याट र अग्रीम कर वाहेक) | कैफियत |
|---|---|---|---|
| १ | मंगलवार पाडा वजार तथा लोडिङ्ग समेत बर्दघाट- १३, जमुनिया | ३४,००,६७०।०० | |
| २ | कवाडी कर (उत्पादन तथा निकाशी) | २,२०,०००।०० | |

यस सम्बन्धी सूचनाको विस्तृत जानकारिको लागि यस नगरपालिकाको Website;bardaghatmun.gov.np मा हेर्नुहुन वा फोन नं.०७८-५८०४०७ मा सम्पर्क राख्नु हुन जानकारी गराइन्छ।

बर्दघाट नगरपालिका

प्रमुख प्रशासकीय अधिकृत